नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

मितिः २०७९/१०/२७

## प्रेस विज्ञप्ति

मिति २०७९/१०/२६ गते नेपाल सरकार (मा.मन्त्रीस्तरीय) बाट कर्मचारी व्यवस्थापन सन्दर्भमा भएको निर्णय अनुसार सबै **मन्त्रालय/आयोग/सचिवालयलाई** प्रचलित कानुनबमोजिम मात्र सरुवा/ कामकाज/जिम्मेवारी तोक्न एवं विद्यमान कानूनको पूर्ण परिपालना गरी सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय तथा थप प्रभावकारी बनाउन देहाय बमोजिम अनिवार्य कार्यान्वयन गर्नु/गराउनु परिपत्र गरिएको छ।

१) निजामती सेवा ऐन, २०४९ को दफा १५ (१) बमोजिम राजपत्राङ्कित प्रथम श्रेणीको विभागीय प्रमुखको पदमा कुनै पनि कर्मचारीलाई पदस्थापन गर्नुपर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अनिवार्य सहमति लिनुपर्ने व्यवस्था रहेकोमा कतिपय निकायहरूले उक्त व्यवस्थाको परिपालना नगरेको पाइएको हुँदा अब उप्रान्त सो प्रकृतिको कार्यको लागि अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिने,

२) निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (४) "कुनै निजामती कर्मचारीलाई तोकिएको न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्नु परेमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था रहेकोमा कतिपय निकायहरूले उक्त व्यवस्थाको परिपालना नगरेको पाइएको हुँदा सो प्रकृतिको कार्यको लागि अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिने,

३) कतिपय निकायमा स्वीकृत दरवन्दीको पदमा सो स्वीकृत पद भन्दा मुनिको श्रेणी/तहको कर्मचारीलाई खटाईएको पाईएको हुँदा यो परिपत्र जारी भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत दरवन्दी अनुसार कै कर्मचारी खटाई यस मन्त्रालयलाई जानकारी गराउने, यदि कुनै स्वीकृत दरवन्दीको पद भन्दा मुनिको श्रेणी/तहको कर्मचारीबाट कार्य सम्पादन हुन सक्ने र माथिल्लो पदको दरवन्दी आवश्यक नपर्ने हो भने दरवन्दी पूर्नसंरचनाको प्रकृया अगाडि बढाई सोको जानकारी यस मन्त्रालयलाई गराउने,

४) निजामती सेवा ऐन, २०४९ को दफा १८ख. को व्यवस्था बमोजिम सम्बन्धित कर्मचारीलाई जिम्मेवारी दिने व्यवस्था मिलाउने, साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा मात्र अतिरिक्त समूह रहने व्यवस्था भएकोमा केही निकायले कर्मचारीको पदस्थापना/व्यवस्थापन नगरी जिम्मेवारी नदिई राखेको पाईएको हुँदा त्यस्ता कर्मचारीको दरवन्दी भएको अवस्थामा ७ (सात) दिन भित्र दरवन्दी भएको निकायमा खटाई सोको जानकारी यस मन्त्रालयमा दिने, यदि कर्मचारी आवश्यक नपर्ने वा दरवन्दी आवश्यक नपर्ने भएमा समेत सोको विवरण ७ (सात) दिन भित्र यस मन्त्रालयमा पठाउने,

५) प्रचलित कानून अनुसार सरुवा/कामकाजमा कर्मचारी खटाईएकोमा त्यसरी खटाईएको निकायमा रमाना नदिने, कर्मचारी हाजिर हुन नजाने, सरुवा भएका कर्मचारी हाजिर नगराई फिर्ता पठाउने लगायतका कार्यहरू देखिएकोले अविलम्ब सरुवा भएको कार्यालयमा रमाना दिई हाजिर हुन पठाउने, सम्बन्धित निकायले हाजिर गराउने, कुनै कर्मचारी सो बमोजिम हाजिर हुन नगएको भएमा सोको विवरण समेत ७ (सात) दिन भित्र यस मन्त्रालयमा पठाउने ।

रुद्रसिंह तामाङ
प्रवक्ता/सह सचिव